आज मिति २०८० साल वैशाख २४ गते आईतवार पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | [signature] |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | [signature] |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | [signature] |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | [signature] |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | [signature] |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | [signature] |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | [signature] |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुवेन्द्र झा | [signature] |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | रिता देवी |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | रामसखी |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य सचिव | श्री शम्भु ठाकुर | [signature] |

कर्मचारी

१ श्री राजिव कुमार झा सूचना प्रविधि अधिकृत [signature]

CamScanner

प्रस्तावहरु :

१.ईलाका प्रहरी कार्यालय सहोडवाको लागि जग्गा सम्वन्धमा ।
२. जग्गा बर्गिकरण सम्बन्धमा ।
३.आ.व. ०८०/८१ को कार्यक्रम तथा बजेट सम्वन्धमा ।
४.खाजा खर्च सम्वन्धमा ।
५.सुकुम्वासी सम्वन्धमा ।
६. डी जे ,लाउडस्पिकर सम्वन्धमा ।

निर्णयहरु

१ .प्रस्ताव नं १ माथि छलफल गर्दा बर्तमान समयमा यस पिपरा गाउँपालिकाको वडा नं. ४मा रहेको ईलाका प्रहरी कार्यालय सहोडवाको कार्यालय भवन अभावमा धैरै कठिनाई भइरहेकोले हाल कायम रहेको जग्गा सामुदायिक भवन देखी दक्षिण सडक देखी पश्चिम पोखरी देखी पुर्व र महिला भवन देखी उत्तरको चार किल्ला पर्खाल भित्रको जग्गा नेपाल सरकारको नाममा दर्ता रहेको करिब ४ कट्ठा जग्गा ईलाका प्रहरी कार्यालय सहोडवा पिपराको नाममा दर्ता कायम गरि उक्त जग्गामा नया भवन निर्माणको वजेट व्यपस्थानका लागि सम्बन्धित कार्यालयहरुमा लेखि पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा हाल सम्म जग्गा बर्गिकरण सम्वन्धमा भएका कार्यहरु पसम्वन्धमा प्रस्तुतीकरण तथा छलफल गरि आवस्यक सल्लाह सुझाव दिई सो सुझाव अनुसार कार्यगरी पुन अर्को बैठकमा पेश गरि छलफल गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व. ०८०/०८१ को लागि अनुमानित वजेट तथा कार्यक्रम निर्धारणको लागि वजेट निर्माणको चरण अनुसारको प्रक्रिया गाउँ बस्ती ,वडा तथा गाउँपालिका बाट अगाडी बढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा वडामा अतिथिसत्कार खर्च खाजा ,चिया बापत प्रति महिना रु १५००० सम्मको खर्चको भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा सुकुम्बासी समस्या समाधानको लागि सबै वडाहरुले सुचना प्रकाशन गरि सुकुम्वासीहरुको पहिचान गरी गा.पा.मा पठाउने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस पालिका भित्र डी जे , लाउडस्पिकर जस्ता ठुला,ठुला साउण्ड वाट प्रदुषण भइ मानिसको स्वास्थ्यमा प्रभाव परि मृत्युवरण गर्नुपर्ने जस्ता जटिल समस्य रहेको र पुनरावेदन अदालतवाट परमादेश भइ आइसकेकोले अबिलम्ब रोक्न प्रहरीलाई लेखि पठाउने निर्णय गरियो ।